# विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यविधि, (दोस्रो संस्करण २०७५)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यविधि, २०७५
## (शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७५।०८।१८ को निर्णय अनुसार संशोधन तथा अध्यावधिक)

### प्रस्तावना :

विश्वव्यापी दिगो विकास लक्ष्य न. ४ अन्तर्गत सबै विद्यालयहरूमा आधारभूत खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क तोकिएको, नेपालको संविधानमा मौलिक हकको धारा ३५ को उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको र विद्यालय क्षेत्र विकास योजनाले गुणस्तरीय शिक्षाका लागि विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरणको आवश्यकतालाई महत्वपूर्ण पक्षको रूपमा लिएको सन्दर्भमा सबै विद्यालयहरूमा खानेपानी र सरसफाइको सुविधा एवम् स्वच्छ वातावरणको विकास तथा प्रवर्द्धन गर्ने कार्यमा एकरूपता ल्याई सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १
## सङ्क्षिप्त नाम र परिभाषा

### १ सङ्क्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "**विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यविधि, (दोस्रो संस्करण २०७५)**" रहेको छ ।

ख. यो कार्यविधि शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ । स्थानीय तहले यस कार्यविधिलाई अनुमोदन गरी वा स्थानिय परिवेश अनुसार व्यबस्था गरि सम्पूर्ण विद्यालयहरुमा लागू गराउन सक्नेछ ।

### २ परिभाषाः

क) विद्यालय खानेपानीः विधालय खानेपानी भन्नाले छात्र, छात्रा, शिक्षक, कर्मचारी लगायतका व्यक्तिहरूको मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक जैविक र रशायनिक पदार्थहरू नरहेको पानी भन्ने बुझ्नु पर्छ ।

ख) विद्यालय सरसफाइः विधालय सरसफाइ भन्नाले छात्र, छात्रा, शिक्षक तथा कर्मचारीहरूको मलमुत्रको सुरक्षित विसर्जनका लागि विद्यालय हातामा वाल, लैङ्गिक, अपाङ्गमैत्री लगाएत गोपनिय एवं व्यवस्थित शौचालयको सुविधालाई बुझाउँछ । सरसफाइले फोहरमैला संकलन र फोहोर पानीको सुरक्षित विसर्जन मार्फत स्वच्छता कायम गर्नु समेतलाई बुझाउँछ ।

ग) विद्यालय स्वच्छताः विद्यालय स्वच्छता भन्नाले विद्यालय वातावरण सफा गर्न, रोगको विस्तार रोक्न र विद्यालयमा छात्र तथा छात्राहरू, शिक्षक तथा कर्मचारीहरूलाई बिरामी हुन बाट बच्न अपनाईने सम्पूर्ण व्यवहारहरूलाई जनाउँछ ।

घ) "**तारा पद्धति**" भन्नाले विद्यालयमा विद्यमान खानेपानी र सरसफाइका सुविधा, स्वच्छता अभ्यासको अवस्था, संस्थागत सुदृढीकरण र दिगोपनासँग सम्बन्धित तोकिएको सूचकहरूको आधारमा विद्यालयले स्वमूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिको सिफारिशमा गाउँ वा नगरस्तरीय शिक्षा समितिले प्रमाणीकरण गरे अनुसार एक, दुई वा तीन तारामा वर्गीकरण गर्दै खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्धनलाई स्तरीकृत गर्दै लैजाने पद्धतिलाई जनाउछ ।

ङ) "**समिति**"भन्नाले विद्यालयस्तरमा गठन हुने विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई जनाउछ ।

## परिच्छेद २
## लक्ष्य, उद्धेश्य तथा रणनीति

### २.१ लक्ष्यः
सबै प्रकारका विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने ।

### २.२ उद्देश्यहरुः
२.२.१ विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाइ तथा स्वच्छताका सूचक एवम् मापदण्ड तयार गर्ने,

२.२.२ तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पध्दतिका विषयमा सहजीकरण गर्ने,

२.२.३ विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने ।

### २.३ रणनीतिहरुः
२.३.१ विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी बिषयहरूलाई संघीय, प्रादेशिक तथा स्थानीय तहका योजना प्रक्रियामा प्रवाहीकरण गर्ने,

२.३.२ विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि सरकार तथा सम्बन्धित मन्त्रालय, संयुक्त राष्ट्र संघ, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाज बीच समन्वय, सहकार्य र साझेदारी गर्ने,

२.३.३ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको विषयलाई विद्यालय सुधार योजनामा समावेश गर्ने,

२.३.४ विद्यालय खानेपानी र सरसफाइका सुविधा र स्वच्छता प्रवर्धनका लागि निरन्तर स्वमूल्याङ्कन पद्धति विकास गरी अवलम्बन गर्ने,

२.३.५ बाल क्लब, विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र सरोकारवालाहरुको क्षमता विकास गर्ने,

२.३.६ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कायम गर्ने कार्यलाई नियमित सिकाइ क्रियाकलापसंग आबध्द गर्ने ।

## परिच्छेद ३
## विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छताका मापदण्ड

**३.१** सबै विद्यालयहरुमा पानी, शौचालय, वातावरणीय सरसफाइ, हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका सूचक सहितको मापदण्ड हुनेछ । विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका अवस्थालाई मूल्याङ्कन गरी वर्गीकरण गर्न तारा पद्धतिलाई आधार मानिनेछ । विद्यालयको वर्गीकरण अनुसुची १ अनुसारको मापदण्डहरूको आधारमा गरिनेछ ।

**३.२** विद्यालयमा विद्यमान खानेपानी सरसफाइ एवम स्वच्छताको अवस्था हेरी तोकिएका मापदण्डको आधारमा विद्यालयलाई उत्कृष्ट, मध्यम र सुधारोन्मुख गरी तीन वर्गमा वर्गीकरण गरिनेछ ।

**३.३** यसै कार्यविधिका आधारमा पहिचान भएका उत्कृष्ट विद्यालयका लागि तीन तारा, मध्यम अवस्थाका लागि दुई तारा र सुधारोन्मुख अवस्थाका लागि एक तारा सबैले देख्न सक्ने ठाउँमा प्रदर्शन गर्ने व्यवस्था विद्यालयले मिलाउनु पर्नेछ ।

# परिच्छेद ४
# समिति सम्वन्धी व्यवस्था

**४.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्वन्धी योजना तर्जुमा, सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा सम्वन्धित विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी देहायका सदस्य रहेको एक विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :

| | |
|---|---|
| क) विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको सो समितिको सदस्य | – अध्यक्ष |
| ख) विद्यालयका प्रधानाध्यापक | – सदस्य |
| ग) शिक्षक अभिभावक सङ्घले आफूमध्येबाट छानी पठाएको एकजना महिला | – सदस्य |
| घ) विद्यालय सेवा क्षेत्रभित्र रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाको प्रतिनिधि एकजना | – सदस्य |
| ङ) बाल क्लबका पदाधिारीहरुले आफूमध्येबाट छानी पठाएको एकजना छात्रा सहित दुईजना | –सदस्य |
| च) सम्बन्धित वडा समितीबाट प्रतिनिधि एकजना | सदस्य |
| छ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक एकजना | – सदस्य सचिव |

**४.२ बैठक सम्वन्धी कार्यविधि :**

४.२.१ समितिको बैठक सामान्यतया दुई महिनामा कम्तीमा एक पटक बस्न सक्नेछ,

४.२.२ समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ,

४.२.३ समन्वय समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ,

४.२.४ समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ,

४.२.५ समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

४.२.६ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ,

४.२.७ बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४.३ समितिको काम कर्तव्य र अधिकार

४.३.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको सुनिश्चितताका लागि सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन गर्ने,

४.३.२ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

४.३.३ विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरू समावेश गराइ स्वच्छताको अभ्यास गराउने वातावरण तयार गर्ने,

४.३.४ विद्यालयलाई मापदण्डको आधारमा उत्कृष्ट अवस्थामा पुर्‍याउनका लागि आवश्यक स्रोतहरूको खोजी र व्यवस्थापन गर्ने,

४.३.५ विद्यालयका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको मर्मत, सम्भार, रेखदेख र अनुगमन गर्ने,

४.३.६ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको स्वअनुगमन फाराम भरी विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध गराउने,

४.३.७ विद्यालयलाई तीनतारायुक्त बनाउन र निरन्तरता दिनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू र बाल क्लबसँग समन्वय गरी अन्य आवश्यक क्रियाकलापहरू गर्ने,

# परिच्छेद ५
# स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणिकरण

## ५.१ विद्यालय स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणिकरण प्रक्रियाः

५.१.१ परिच्छेद १ को १.१ मा उल्लिखित सूचकहरूको आधारमा समितिले शैक्षिक सत्र सुरु भएको दुई महिना भित्र स्वमूल्याङ्कन गर्नुपर्नेछ,

५.१.२ समितिले आफ्नो रायसहित स्वमूल्याङ्कन फाराम विद्यालय व्यवस्थापन समितिमा पेस गर्नुपर्नेछ,

५.१.३ विद्यालय व्यवस्थापन समितिले आफ्नो रायसहित स्वमूल्याङ्कन फाराम प्रमाणिकरणका लागि सम्बन्धित गाउँपालिका/नगरपालिकास्तरीय शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ,

५.१.४ गाउँपालिका/नगरपालिका स्तरीय शिक्षा समितिले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा प्राविधिक सहितको स्थलगत अनुगमनको सिफारिसमा तारा निर्धारण गर्नेछ,

५.१.५ लगातार दुई पटकको बार्षिक समीक्षामा कुनै विद्यालयले तीन ताराको अवस्थालाई कायम राख्न सफल भएमा सम्बन्धित गाउँ/नगरपालिका स्तरीय शिक्षा समितिले त्यस्ता विद्यालय तथा यस कार्यमा योगदान गर्ने संस्था / व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ६
## क्षमता विकास तथा वित्तीय व्यवस्थापन

### ६.१ क्षमता विकासका क्रियाकलापः

विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि विभिन्न तहमा क्षमता विकासका देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन हुनेछन् :

६.१.१ सङ्घीय तहको समन्वयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि नीतिगत विषयमा गोष्ठी तथा सेमिनारहरू आयोजना गरिनेछ,

६.१.२ प्रदेश तहको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय र सरोकारवालाहरूलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी सिकाइ आदान प्रदान, योजना तर्जुमा तथा समन्वय गोष्ठी तथा सम्मेलनहरूको आयोजना गरिनेछ,

६.१.३ स्थानीय तहको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय, गाउँ तथा नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, गाउँ तथा नगरपालिकास्तरीय शिक्षा समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघ र बालक्लब समेतलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी अभिमुखीकरण गोष्ठी सञ्चालन गरिनेछ,

### ६.२ वित्तीय व्यवस्थापन :

६.२.१ विद्यालय खानेपानी, सरसफाइ लगायतका सुविधाहरुको मर्मत सम्भार एवम् स्तर वृद्धि गर्न विद्यालयले निम्न स्रोतहरूबाट छुट्टै मर्मत सम्भार कोषको व्यवस्था गर्न सक्नेछ :

क. सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त रकम,

ख. संयुक्त राष्ट्र सङ्घीय निकायहरू र विकास साझेदारहरूबाट नियमानुसार प्राप्त सहयोग,

ग. अन्य व्यक्ति वा निकायहरूबाट प्राप्त दानदातब्य, पुरस्कार,

घ. विद्यालय स्वयंले सङ्कलन तथा विनियोजन गरेको रकम ।

६.२.२ विद्यालयले मर्मत सम्भार कोषबाट देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ :

क. विद्यालय खानेपानी तथा सरसफाइका सुविधाहरूको मर्मत सम्भार,

ख. सरसफाइ सामग्रीहरू (ब्रस, साबुन हार्पिक वा फिनेल आदि) व्यवस्थापन,

ग. मर्मत सम्भारका लागि आवश्यक पर्ने औजार तथा सामग्रीहरूको व्यवस्था लगायत अन्य आवश्यक कार्यहरु,

घ. अनुसुचि २ बमोजिमका सूचकहरुको आधारमा स्तरोन्नतिसंग सम्वन्धित कार्यहरु गर्न,

# परिच्छेद ७
# विभिन्न निकायहरुको भूमिका

सबै विद्यालयहरूमा खानेपानी र सरसफाइको सुविधा एवम् स्वच्छता प्रवर्धनमा एकरूपता ल्याई बालबालिकाहरूको विद्यालयमा उपस्थित हुने दरमा वृद्धि गरी सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न देहायका निकायहरुको निम्नानुसारको भूमिका रहनेछ :

## ७.१ शिक्षा तथा मानव स्रोत विकास केन्द्र वा संघीय शिक्षा हेर्ने निकाय :

क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी नीति नियम तयार गर्न मन्त्रालयलाई सहयोग गर्ने र स्वीकृत नीति नियम लागु गर्ने,

ख) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि बजेटको व्यवस्था गर्ने,

ग) मातहतका निकायहरूलाई मार्ग दर्शन गर्ने,

घ) अनुगमन तथा मूल्याङ्कन गर्ने,

ङ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अनुसन्धान, विकास तथा प्रभाव मूल्याङ्कनमा सहयोग गर्ने,

च) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सूचकहरुलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गर्ने ।

## ७.२ गाउँपालिका/नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति :

क) गाउँ सभा वा नगर सभालाई कानून बनाउन, कार्यान्वयन गर्न सहयोग गर्ने,

ख) विद्यालय स्तरमा योजना तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको व्यवस्था गर्ने,

ग) सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्ने,

घ) विद्यालयहरूमा गाउँ तथा नगर शिक्षा समिति मार्फत प्राप्त भएका तोकिएका मापदण्ड बमोजिम कमजोर देखिएका विद्यालयहरुलाई प्राथमिकताको आधारमा खानेपानी तथा सरसफाइका सुविधाहरू निर्माणमा सहयोग गर्ने,

ङ) विद्यालयहरूको अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याङ्कन गरी गाउँपालिका वा नगरपालिकास्तरीय शिक्षा समितिलाई सल्लाह सुझाव दिने,

च) शिक्षक र विद्यालय व्यवस्थापन समितिहरूको क्षमता विकासमा सहयोग गर्ने,

छ) गाउँपालिका वा नगरपालिकालाई खुला दिसामुक्त र पूर्ण सरसफाइउन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी सरसफाइ तथा स्वच्छताको सुविधा भई प्रयोग भएको अवस्थाको सुनिश्चितता गर्ने ।

**७.३ गाउँ शिक्षा वा नगर शिक्षा समिति** : प्रत्येक गाउपालिका वा नगरपालिकामा शिक्षा ऐनमा उल्लेख भएबमोजिम गठन भएको गाउँ शिक्षा वा नगर शिक्षा समितिले नै आफ्नो गाउपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयहरुमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरूको व्यवस्थापन, रेखदेख, अनुगमन तथा मूल्यांकनको निम्न काम गर्नेछ :

क) खानेपानी, सरसफाइ तथा स्वच्छतासम्वन्धी रणनीतिक योजना तयारी तथा बजेटको व्यवस्थापन गर्ने,

ख) सूचना, शिक्षा, संचारसँग सम्बन्धित श्रव्य दृष्य सामग्रीहरुको विकास तथा वितरणमा सहयोग गर्ने,

ग) सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गर्ने,

घ) गाउँपालिका वा नगरपालिकालाई खुला दिसामुक्त र पूर्ण सरसफाइउन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी सरसफाइ तथा स्वच्छताको सुविधा भई प्रयोग भएको अवस्थाको सुनिश्चितता गर्ने,

ङ) अनुगमन तथा मूल्याङ्कन तारा प्रमाणीकरण गर्ने,

च) मापदण्ड पुरा नभएका विद्यालयहरुको स्तर वृद्धिको लागि आवश्यक बजेट व्यवस्थापन गर्न गाउँ तथा नगरस्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई सिफारिस गर्ने ।

**७.४ स्रोतकेन्द्र** :

क) विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमन गरी निर्देशन दिने,

ख) सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्ने,

ग) विद्यालयहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने ।

**७.५ विद्यालय व्यवस्थापन समितिः** प्रत्येक विद्यालयमा शिक्षा ऐनमा उल्लेख भए बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिले नै विद्यालयमा खाने पानी, सरसफाइ तथा स्वच्छताका निम्न क्रियाकलापहरू सञ्चालन, रेखदेख र

व्यवस्थापन गर्नेछ :

क) योजना निर्माण, समन्वय, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

ख) विद्यालयमा खानेपानी तथा सरसफाइका सुविधाहरूको सुनिश्चित गर्ने,

ग) कोष सङ्कलन तथा परिचालन गर्ने,

घ) समितिले पेश गरेको स्वमूल्यांकन फाराम समीक्षा गरी प्रमाणिकरणको लागि गाउँ तथा नगरस्तरीय शिक्षा समिति समक्ष पेश गर्ने,

ङ) समितिले सिफारिस गरेको स्वमूल्यांकनमा आवश्यकता अनुसार पुनरावलोकनका लागि सोही समितिमा पठाउने व्यवस्था गर्ने ।

### ७.६ प्रधानाध्यापक :

क) खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा, समन्वय, सञ्चार र कार्यान्वयन गर्न समितिलाई सहयोग गर्ने,

ख) समितिले तयार गरेको योजना तथा प्रस्तावित कार्यक्रमलाई विद्यालय स्तरीय सुधार योजनामा समावेश गर्ने,

ग) खानेपानी र सरसफाइमा तीन ताराको अवस्था हासिल गरी यसलाई कायम राख्न आवश्यक व्यवस्था गर्ने,

घ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्वन्धी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने,

ङ) कार्यरत शिक्षकमध्ये उपलब्ध भएसम्म एक जना महिला शिक्षकलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक तोक्ने,

च) विद्यालयले विषयसँग सम्बन्धीत नियमित शिक्षण सिकाइ गर्दा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी विषय समावेश गरी पठनपाठन गराउने व्यवस्था मिलाउने ।

### ७.७ अभिभावक :

क) विद्यालयमा खानेपानी तथा सरसफाइका सुविधाहरू निर्माण, मर्मत सम्भार गर्न सहयोग गर्ने,

ख) बालबालिकाहरूलाई जीवन पद्धतिकै रूपमा स्वच्छकर आनीबानी अपनाउन

उत्प्रेरित गर्ने ।

**७.८ विद्यार्थी बाल क्लब :**

क) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने,

ख) उपयुक्त स्वच्छकर आनीबानी अपनाउने र सहपाठीहरुलाई समेत अपनाउन उत्प्रेरित गर्ने,

ग) सफलताका कथाहरूको सङ्कलन र प्रदर्शन गर्ने,

घ) घर, अभिभावक, सहपाठीहरू र समुदायलाई उत्प्रेरित गर्ने ।

**७.९ विकास साझेदारहरू :**

क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि आर्थिक सहयोग गर्ने,

ख) विपदको समयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि मानवीय सहयोग उपलब्ध गराउने,

ग) क्षमता विकास तथा अनुसन्धानका लागि सहयोग उपलब्ध गराउने,

घ) चेतनामूलक सामग्रीहरूको विकास र वितरणमा सहयोग गर्ने,

ङ) राम्रा अभ्यासहरुको संकलन गरी छपाइ तथा वितरण गर्ने,

च) विद्यालय खानेपानी,सरसफाइ तथा स्वच्छताका कार्यहरूमा सचेतना / सहभागिता अभिवृद्धि गर्ने ।

**७.१० स्वास्थ्य तथा खानेपानी सम्वन्धि निकाय :**

क) विद्यालयमा खानेपानीको गुणस्तर भए नभएको जाँच गरी सुधारकालागि सुझाव प्रदान गर्ने ।

ख) खानेपानी, सरसफाइ तथा स्वच्छताका सुविधाहरूका लागि आवश्यक प्राविधिक सुझाब / सल्लाह प्रदान गर्ने ।

# परिच्छेद ८
# विविध

## ८.१ प्रमाणिकरण गर्ने प्रक्रिया :

क) समितिले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र अनुसूचि १ अनुसारको सूचकहरुको आधारमा अनुसूची २ अनुसार स्वमूल्याङ्न गरी रायसहित गाउँ वा नगर शिक्षा समितिमा प्रमाणिकरणका लागि विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

ख) प्राप्त प्रतिवेदन विद्यालय व्यवस्थापन समितिले एक महिनाभित्र प्रमाणिकरणका लागि गाउँ वा नगर शिक्षा समिति समक्ष पठाउनुपर्नेछ ।

ग) गाउँ वा नगर शिक्षा समितिले अनुगमन मूल्याङ्कन गरी तारा निर्धारणको प्रमाणीकरण गर्नेछ ।

घ) गाउँ वा नगर शिक्षा समितिले सोको प्रतिवेदन गाउँपालिका वा नगर पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा पठाउनु पर्नेछ ।

**८.२ स्थानीय तहमा पेश गर्नुपर्ने** : सम्वन्धित विद्यालयलले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धमा आफूले प्रमाणिकरण पश्चात प्राप्त गरेको नतिजाको विवरण शिक्षा समितिमा पठाउनु पर्नेछ ।

## अनुसूची १

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका मापदण्ड

विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका उपलब्धतालाई मूल्याङ्कन गरी स्तरीकरण गर्न देहायका सूचकहरूको आधारमा तारा पद्धति बमोजिम वर्गीकरण गरिनेछ :

| क्र. स | सूचकहरू | मापदण्डहरु (तारा प्राप्त गर्ने आधारहरु) | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| १ | पानी | पिउन, हात धुन र सरसफाइ गर्नका लागि सुधारिएको स्रोतबाट पानीको उपलब्धता | विद्यालयमा पिउनका लागि शुद्धिकरण गरिएको पानीको व्यवस्था | सबै बालबालिकाहरुको पहुँच सहितको पिउन र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता (प्रति व्यक्ति दैनिक १२ लि.) |
| २ | शौचालय | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका अलग अलग सुधारिएका तथा सुचारु शौचालय भएको | बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री युरिनल र पानीसहितको धारा भएको सुधारिएका तथा सुचारु शौचालयको व्यवस्था | सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री (२५ छात्रा र ४० छात्रहरुको अनुपातमा) पर्याप्त पानीसहितको सुधारिएका तथा सुचारु शौचालयको सुविधासहित दिसा, पिसाबको सुरक्षित निकासको व्यवस्था मिलाइएको |
| ३ | वातावरणीय सरसफाइ | ठोस फोहरलाई डस्टबिनमा सङ्कलन गरी समय समयमा बिसर्जन गर्ने गरिएको | ठोस फोहरहरूलाई सिसा वा धातुजन्य, नकुहिने र कुहिने गरी अलग अलग डस्टबिनमा सङ्कलन गरी कम्तिमा हप्तामा एक पटक बिसर्जन गर्ने गरिएको | सामग्रीहरूको प्रयोग घटाउने, पुनःप्रयोग गर्ने र पुनःचक्रणको पद्धति लागू गरी फोहोरको व्यवस्थापन गरिएको |

| क्र. स | सूचकहरू | मापदण्डहरु (तारा प्राप्त गर्ने आधारहरु) | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| ४ | सफा र हरियाली वातावरण | विद्यालय सेवाक्षेत्र खुला दिसा मुक्त घोषणा भएको | विद्यालय परिसर भित्र फूलहरू रोपी बगैँचाको व्यवस्था भएको | विद्यालयभित्रको उपयुक्त खाली जमिनमा वृक्षरोपण र बगैंचा र करेसाबारीको विकास गरिएको |
| ५ | स्वच्छता सुविधा | पानी र साबुनसहितको हात धुने सुविधा भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा (छात्रा ४० र छात्र ६० को अनुपातमा एक धारा) मा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैचा वा करेसाबारीमा पानीको निकासको व्यवस्था गरिएको |
| ६ | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको, पाँच कक्षा देखी महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्ने गरिएको | विद्यार्थीहरूको व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरूको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार (समूहमा हात धुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने) का आधारमा अङ्क दिने पद्धतिको अवलम्बन गरिएको |

| क्र.स | सूचकहरू | मापदण्डहरु (तारा प्राप्त गर्ने आधारहरु) | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | महिनावारी सामग्री व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकनसहितको डस्टबिन राखिएको | आकस्मिक अवस्थाका लागि सहज महिनावारी सामग्रीको उपलब्धता र प्रयोग गरिएका सामाग्रीहरूको सुरक्षित बिसर्जन गर्ने गरिएको | छात्राहरूले पुन प्रयोग गर्ने महिनावारी सामग्री तयार वा प्रयोग गर्ने सीप सिकी वा स्वस्थकर महिनावारी सामग्री प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू सञ्चालनमा रहेको |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खाने पानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भएको | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूको व्यवस्था भएको र नियमित रूपमा तालिका अनुसार शौचालय, पानी टंकी, फिल्टर र हातधुने ठाउँको सरसफाइ गर्ने गरिएको |

| क्र.स | सूचकहरू | मापदण्डहरु (तारा प्राप्त गर्ने आधारहरु) | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| ९ | विपद जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरूलाई विपद जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरिएको | खानेपानी, सरसफाइ तथा स्वच्छता समेतको विपद पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको | खानेपानी तथा सरसफाइका संरचनाहरू नेपाल सरकारको स्वीकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको |
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक (महिलालाई प्राथमिकता) को व्यवस्था गरिएको | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रूपमा शौचालयको सफाइ र साबुन पानीले हात धुने गरिएको | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमूलक सामग्री र महिनावारी सामग्री) को स्थापना गरिएको |

एक, दुई र तीन तारामध्ये पूरा भएकोमा चिह्न (√) र नभएकोमा चिह्न (×) लगाउनुपर्नेछ । एक ताराका सबै सूचक पूरा गरेपछि "एक तारा" तोक्न सकिने छ र एवम् रीतले एक तारा र दुई ताराका सबै सूचक पूरा गरेपछि "दुई तारा" र एक तारा, दुई तारा र तीन ताराका सबै सूचक पूरा गरेपछि "तीन तारा" तोक्न सकिनेछ ।

# अनुसूची २

## विद्यालय स्वमूल्यांकन फाराम

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता

(यो फाराम विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समितिले शैक्षिकसत्र शुरु भएको दुई महिनाभित्र भर्नुपर्ने हुन्छ)

**विद्यालयको नामः............................................................ विद्यालय कोड नं. ....................**

**प्रदेशः....................जिल्लाः.......................स्थानिय तहः.............वडा नम्वरः........**

| क. स | सूचकहरू | मापदण्डहरुको अवस्था (निम्नलिखित एक तारा, दुई तारा वा तीन ताराहरुको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्यून), २ (मध्यम) वा ३ (उत्तम) मध्ये जुन अवस्थामा छ सोहि अनुसार वाकस भित्र १, २ वा ३ लेख्ने ) | | |
|---|---|---|---|---|
| | | एक तारा * | दुई तारा ** | तीन तारा *** |
| १ | पानी | पिउन, हातधुन र सरसफाइ गर्नका लागि सुधारीएको श्रोतवाट पानीको उपलब्धता ☐ | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएको पानीको व्यवस्था ☐ | सबै बालबालिकाहरुको पहुँच सहितको पिउन र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता (प्रतिव्यक्ति दैनिक १२ लि.) ☐ |
| २ | शौचालय | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका अलग अलग सुधारीएका तथा सुचारु शौ चालय भएको ☐ | बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री युरिनल र पानीसहितको धारा भएको सुधारीएका तथा सुचारु शौचालयको व्यवस्था ☐ | सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री (२५ छात्रा र ४० छात्रहरुको अनुपातमा) पर्याप्त पानी सहितको शौचालयको सुविधा सहित दिसा, पिसाबको सुरक्षित निकासको व्यवस्था मिलाइएको ☐ |

| क. स | सूचकहरू | मापदण्डहरुको अवस्था<br>(निम्नलिखित एक तारा, दुई तारा वा तीन ताराहरुको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्यून), २ (मध्यम) वा ३ (उत्तम) मध्ये जुन अवस्थामा छ सोहि अनुसार वाकस भित्र १, २ वा ३ लेख्ने ) | | |
|---|---|---|---|---|
| | | एक तारा * | दुई तारा ** | तीन तारा *** |
| ३ | वातावरणिय सरसफाइ | ठोस फोहरलाई डस्टबिनमा सङ्कलन गरी समय समयमा बिसर्जन गर्ने गरिएको ☐ | ठोस फोहरहरूलाई सिसा वाधातुजन्य, नकुहिने र कुहिने गरी अलग अलग डस्टबिनमा सङ्कलन गरी कम्तिमा हप्तामा एक पटक बिसर्जन गर्ने गरिएको ☐ | सामग्रीहरूको प्रयोग घटाउने, पुनःप्रयोग गर्ने र पुनःचक्रणको पद्धति लागू गरी फोहोरको व्यवस्थापन गरिएको ☐ |
| ४ | सफा र हरियाली वातावरण | विद्यालय सेवाक्षेत्र खुला दिसामुक्त घोषणा भएको ☐ | विद्यालय परिसरभित्रफूलहरू रोपी बगैँचाको व्यवस्था भएको ☐ | विद्यालयभित्रको उपयुक्त खाली जमिनमा वृक्षरोपण र बगैंचा र करेसाबारीको विकास गरिएको ☐ |
| ५ | स्वच्छता सुविधा | पानी र साबुनसहितको हातधुने सुविधाभएको ☐ | समूहमा साबुनपानीले हातधुने स्थायी सुविधा सहित साबुन र पानीको नियमित व्यवस्था भएको ☐ | समूहमा साबुनपानीले हातधुने स्थायी सुविधा (छात्रा ४० र छात्र ६० को अनुपातमा एक धारा) मा सबैको सहज पहुँचु सहित प्रयोग भई नाली वा सोकपिट वा बगैंचा वा करेसाबारीमा पानीको निकासको व्यवस्था गरिएको ☐ |

| क्र. स | सूचकहरू | मापदण्डहरुको अवस्था<br>(निम्नलिखित एक तारा, दुई तारा वा तीन ताराहरुको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्यून), २ (मध्यम) वा ३ (उत्तम) मध्ये जुन अवस्थामा छ सोहि अनुसार वाकस भित्र १, २ वा ३ लेख्ने ) | | |
|---|---|---|---|---|
| | | एक तारा * | दुई तारा ** | तीन तारा *** |
| ६ | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको पाँच कक्षा भन्दा माथि महिनावारी स्वच्छता व्यवस्थापन पठन पाठनगर्ने गरिएको ☐ | विद्यार्थीहरूको व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको ☐ | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरूको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार (समूहमा हातधुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने का आधारमा अङ्क दिने पद्धतिको अवलम्बन गरिएको ☐ |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | महिनावारी सामग्री व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकन सहितको डस्टबिन राखिएको ☐ | आकस्मिक अवस्थाका लागि सहज महिनावारी सामग्री व्यवस्था र प्रयोग गरिएका सामग्रीहरुको सुरक्षित बिसर्जन गर्ने गरिएको ☐ | छात्राहरूले पुनप्रयोग गर्ने महिनावारी सामग्री तयार वा प्रयोग गर्ने सीप सिकी वा स्वस्थकर महिनावारी सामग्री प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू सञ्चालनमा रहेको ☐ |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खाने पानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको ☐ | विद्यालय सुधार योजनामा खाने पानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भएको ☐ | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूको व्यवस्था भएको र नियमित रूपमा तालिका अनुसार शौचालय, पानी टंकी, फिल्टर र हातधुने ठाउँको सरसफाइ गर्ने गरिएको ☐ |

| क. स | सूचकहरू | मापदण्डहरुको अवस्था (निम्नलिखित एक तारा, दुई तारा वा तीन ताराहरुको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्यून), २ (मध्यम) वा ३ (उत्तम) मध्ये जुन अवस्थामा छ सोहि अनुसार वाकस भित्र १, २ वा ३ लेख्ने ) | | |
|---|---|---|---|---|
| | | एक तारा * | दुई तारा ** | तीन तारा *** |
| ९ | विपत जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरूलाई विपत जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरिएको ☐ | खानेपानी, सरसफाइ तथा स्वच्छता समेतको विपतपूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको ☐ | खानेपानी तथा सरसफाइका संरचनाहरू नेपाल सरकारको स्वीकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको ☐ |
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक (महिलालाई प्राथमिकता) को व्यवस्था गरिएको ☐ | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रूपमा शौचालयको सफाइ र साबुनपानीले हातधुने गरिएको ☐ | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारी मूलक सामग्री र महिनावारी सामग्री) को स्थापना गरिएको ☐ |
| जम्मा अंक | | | | |
| माथिका १० वटा सुचकहरुको समग्र रुपमा अवस्था विश्लेषण | | | | |

**द्रष्टव्य १:** सुधारीएको पानीको श्रोत भन्नाले पाइपवाट प्राप्तपानी, बोरिङ्ग र ट्यूवलेल, संरक्षित इनार, मूल, आकाशेपानी, प्याकेज गरिएको वा वितरण गरिएको पानी भन्ने वुझिन्छ ।

सुधारीएको शौचालय भन्नाले फ्लस भएको शौचालय, भिआईपी शौचालय, मल शौचालय, स्ल्याव भएको खाल्डे शौचालय भन्ने बुझिन्छ ।

**द्रष्टव्य २ :** एक तारा, दुई तारा वा तीन ताराहरुको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्यून), २ (मध्यम) वा ३ (उत्तम) मध्ये जुन अवस्थामा छ सोहि अनुसार वाकस भित्र १, २ वा ३ लेख्नुपर्नेछ । एक तारा अन्तर्गत राखिएमा मापदण्डहरुमा ३० अंक प्राप्त गरेपछि मात्रै "एक तारा" तोक्न सकिने छ र एवम् रीतले एक तारा र दुई ताराका सबै मापदण्डहरु पूरा गरेपछि "दुई तारा" र एक तारा, दुई तारा र तीन ताराका सबै मापदण्डहरु पूरा गरेपछि "तीन तारा" तोक्न सकिनेछ ।

माथिका स्वमूल्यांकनको विश्लेषणका आधारमा स्तरोन्नतिका लागि कार्ययोजना ।

| क्र.सं. | सुधार गर्नुपर्ने मूख्यकार्यहरु | | जिम्मेवार व्यक्ति वा संस्था | समयाअवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. पानी | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तरा ३ | | | | |
| २. शौचालय | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ३. वातावरणिय सरसफाइ | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ४. सफा र हरियाली वातावरण | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |

| क्र.सं. | सुधार गर्नुपर्ने मूख्यकार्यहरु | | जिम्मेवार व्यक्ति वा संस्था | समयाअवधि | कैफियत |
|---|---|---|---|---|---|
| ५. स्वच्छता सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ६. स्वच्छता शिक्षा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ७. महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ८. संस्थागत व्यवस्था र दिगोपना | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ९. विपद जोखिम व्यवस्थापन | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |

| क्र.सं. | सुधार गर्नुपर्ने मूख्यकार्यहरु | | जिम्मेवार व्यक्ति वा संस्था | समयाअवधि | कैफियत |
|---|---|---|---|---|---|
| १०. अनुगमन तथा जवाफदेहिता | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |

द्रष्टव्यः जिम्मेवार व्यक्तिवा संस्था भन्नाले विद्यालय सहयोगी,.विद्यार्थी, वालक्लव, शिक्षक, प्रअ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, स्थानियतह, सहयोगी संस्था आदि

फाराम भर्दा उपस्थित विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता समितिका सदस्यहरु :

| क्र. सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | अध्यक्ष | |
| २ | | सदस्य, प्रधानाध्यापक | |
| ३ | | सदस्य, शिक्षक अभिभावक संघ (महिला) | |
| ४ | | सदस्य, स्वास्थ्य सेवाप्रदायक संस्था | |
| ५ | | सदस्य, वालक्लव (छात्रा) | |
| ६ | | सदस्य, वालक्लव (छात्र) | |
| ७ | | सदस्य सचिव (वास सम्पर्क शिक्षक) | |

फाराम भरेको मिति :